अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७६।०३।१० गते

प्रेस विज्ञप्ति
विषय: घुस रकम सहित नियन्त्रणमा ।

शिक्षा विकास तथा समन्वय इकाइ सल्यानमा कार्यरत इकाइ प्रमुख (शाखा अधिकृत) धन बहादुर वलीले शिक्षक सरूवा प्रक्रिया सहजीकरणको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतबाट खटिई गएको टोलीले निज इकाइ प्रमुख (शाखा अधिकृत) धन बहादुर वलीलाई सेवाग्राहीसँग रू.२५,०००।— (अक्षरुपी पच्चीस हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा उक्त घुस रकम सहित निजकै कार्यालय परिसरबाट रङ्गेहात नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता